# बीमकको लगानी सम्बन्धी निर्देशिका

## जीवन बीमा व्यवसाय संचालन गर्ने बीमकहरुको लागि तोकिएको लगानी क्षेत्र र त्यस्तो क्षेत्रमा बीमकहरुले लगानी गर्न सक्ने गरी तोकिएको प्रतिशत

| लगानीको वर्ग | लगानीको क्षेत्र | लगानीको प्रतिशत | कैफियत |
|---|---|---|---|
| 'क' वर्ग | श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा श्री ५ को सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको २५% मा नघट्ने गरि 'क' वर्गमा लगानी गरिएको हुनु पर्नेछ। | |
| 'ख' वर्ग | (१) वाणिज्य बैंकको मुद्दती निक्षेप | (१) कुल लगानी रकमको ३५% मा नघट्ने गरि बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गरिएको हुनु पर्नेछ। तर 'क' वर्गमा ६५% भन्दा बढि रकम लगानी गर्न वाधा पुग्ने छैन। | (१) कम्तिमा ३ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखा परिक्षण गराई सकेको बाणिज्य बैंकको स्थिती हेरी कुल लगानी रकमको बढिमा २०% सम्म र संचालनमा आएको तीन वर्ष नपुगेका बाणिज्य बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा ५% सम्म एउटै बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ। |
| | (२) विकास बैंकको मुद्दती निक्षेप | (२) कुल लगानी रकमको १५% मा नबढ्ने गरि बिकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ। | (२) कम्तिमा ३ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखा परिक्षण गराई सकेको विकास बैंकको स्थिती हेरी कुल लगानी रकमको बढिमा ५% सम्म र संचालनमा आएको तीन वर्ष नपुगेका विकास बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा २% सम्म एउटै विकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ। |
| | (३) नागरिक लगानी कोषको एकाँकी नागरिक लगानी योजनामा गरिएको लगानी | (३) नागरिक लगानी कोषको एकाँकी नागरिक लगानी योजनामा कुल लगानी रकमको ५% मा नबढ्ने गरि लगानी गर्न सकिनेछ। | |
| अनिवार्य लगानी (क+ख) | माथि तोकिए वमोजिम | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको ७५% मा नघट्ने गरि अनिवार्य लगानी क्षेत्र (क+ख) मा लगानी गर्नु पर्नेछ। | |
| स्वेच्छिक लगानी (ग वर्ग) | (१) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रहरु | (१) कुल लगानी रकमको १०% मा नबढ्ने गरि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रहरुमा लगानी गर्न सकिनेछ। | (१) कुनै वाणिज्य बैंक वा विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रमा लगानी गर्दा कुल लगानी रकमको बढिमा ५% सम्म वा त्यसरी लगानी गरिने बैंक वा वित्त कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी कुनै एउटै वाणिज्य बैंक, विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रमा लगानी गर्न सकिनेछ। |
| | (२) बित्त कम्पनीको मुद्दती निक्षेप | (२) कुल लगानी रकमको १०% मा नबढने गरी बित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ। | (२) कम्तिमा ५ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखा परिक्षण गराई सकेको वित्त कम्पनीको स्थिती हेरी कुल लगानी रकमको बढिमा ३% सम्म र संचालनमा आएको ५वर्ष नपुगेका वित्त कम्पनीको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा १% सम्म एउटै वित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ। |
| | (३) पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर | (३) कुल लगानी रकमको ५% मा नबढने गरी पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्न सकिनेछ। | (३) कुनै पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्दा कुल लगानी रकमको २% वा त्यसरी शेयर लगानी गरिने पब्लिक लिमिटेड कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी लगानी गर्न सकिनेछ। |

<u>माथि जुनसुकै कुरा लेखिएको भएता पनि बीमकले लगानी गर्दा देहाय वमोजिम हुनेछ</u> :

(१) अवधि तोकि गरेको लगानीको हकमा अवधि समाप्त भएपछि तोकिए अनुसार लगानी गरि सक्नु पर्ने छ।
(२) श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा श्री ५ को सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र उपलब्ध नभएमा सो क्षेत्रमा गर्नुपर्ने लगानीको बाँकी अंश बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्नुपर्नेछ र सोको जानकारी बीमा समितिलाई दिनु पर्नेछ।
(३) प्रत्येक नयाँ लगानी वा लगानी नविकरण गर्दा तोकिएको सिमाहरु पालना भएको हुनुपर्छ।
(४) बीमकको सर्वोपरी हित हुने गरि लगानी गरिएको हुनुपर्छ।
(५) कुनै पनि बैंकको कल डिपोजिट वा अन्य ब्याज प्राप्त हुने खातामा रहेको रकमलाई समेत गणना गरी उक्त बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिने रकम निर्धारण गर्नु पर्नेछ।

(६) बीमा समितिको निर्देशन अनुरुप लगानी गर्दा विवेक सम्मत ढंगले गर्नु पर्ने र सो नगरी बीमकबाट भएको लगानी सम्बन्धमा बीमकको तत्कालिन संचालकहरु जिम्मेवार हुनेछन् ।

## निर्जीवन बीमा व्यवसाय संचालन गर्ने बीमकहरुको लागि तोकिएको लगानी क्षेत्र र त्यस्तो क्षेत्रमा बीमकहरुले लगानी गर्न सक्ने गरी तोकिएको प्रतिशत

| लगानीको वर्ग | लगानीको क्षेत्र | लगानीको प्रतिशत | कैफियत |
|---|---|---|---|
| 'क' वर्ग | श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा श्री ५ को सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको १५% मा नघट्ने गरि 'क' वर्गमा लगानी गरिएको हुनु पर्नेछ | |
| 'ख' वर्ग | (१) वाणिज्य बैंकको मुद्दती निक्षेप | (१) कुल लगानी रकमको ३५% मा नघट्ने गरि बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गरिएको हुनु पर्नेछ<br><br>तर 'क' वर्गमा ६५% भन्दा बढि रकम लगानी गर्न वाधा पुग्ने छैन । | (१) कम्तिमा ३ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखा परिक्षण गराई सकेको बाणिज्य बैंकको स्थिती हेरी कुल लगानी रकमको बढिमा २०% सम्म र संचालनमा आएको तीन वर्ष नपुगेका बाणिज्य बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा ५% सम्म एउटै बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । |
| | (२) विकास बैंकको मुद्दती निक्षेप<br><br>(३) नागरिक लगानी कोषको एकाँकी नागरिक लगानी योजनामा गरिएको लगानी | (२) कुल लगानी रकमको २०% मा नबढ्ने गरि विकास बैंकको मुद्दती निक्षेप तथा नागरिक लगानी कोषको एकाँकी नागरिक लगानी योजनामा लगानी गर्न सकिनेछ । | (२) कम्तिमा ३ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखा परिक्षण गराई सकेको विकास बैंकको स्थिती हेरी कुल लगानी रकमको बढिमा ५% सम्म र संचालनमा आएको तीन वर्ष नपुगेका विकास बैंकको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा २% सम्म एउटै विकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । |
| अनिवार्य लगानी (क+ख) | मथि तोकिए वमोजिम | जुनसुकै अवस्थामा पनि कुल लगानी रकमको ६५% मा नघट्ने गरि अनिवार्य लगानी क्षेत्र (क+ख) मा लगानी गर्नु पर्नेछ । | |
| स्वेच्छिक लगानी (ग वर्ग) | (१) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रहरु | (१) कुल लगानी रकमको १०% मा नबढ्ने गरि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रहरुमा लगानी गर्न सकिनेछ । | (१) कुनै वाणिज्य बैंक वा विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रमा लगानी गर्दा कुल लगानी रकमको बढिमा ५% सम्म वा त्यसरी लगानी गरिने बैंक वा वित्त कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी कुनै एउटै वाणिज्य बैंक, विकास बैंक वा वित्त कम्पनीको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), सुरक्षित डिवेन्चर र ऋणपत्रमा लगानी गर्न सकिनेछ । |
| | (२) बित्त कम्पनीको मुद्दती निक्षेप | (२) कुल लगानी रकमको १५% मा नबढने गरी बित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । | (२) कम्तिमा ५ बर्ष सम्म संचालनमा आइ आफ्नो हिसाब किताबको नियमित लेखा परिक्षण गराई सकेको वित्त कम्पनीको स्थिती हेरी कुल लगानी रकमको बढिमा ३% सम्म र संचालनमा आएको ५ वर्ष नपुगेका वित्त कम्पनीको हकमा औचित्यको आधारमा कुल लगानी रकमको बढिमा १% सम्म एउटै वित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ । |
| | (३) पब्लिक लिमिटेड आवास विकास कम्पनी वा पब्लिक लिमिटेड आवास विकास वित्त कम्पनीको साधारण शेयर । | (३) कुल लगानी रकमको ५% मा नबढने गरी पब्लिक लिमिटेड आवास विकास कम्पनी वा पब्लिक लिमिटेड आवास विकास वित्त कम्पनीको साधारण शेयरमा लगानी गर्न सकिनेछ । | (३) कुनै पब्लिक लिमिटेड आवास विकास कम्पनी वा पब्लिक लिमिटेड आवास विकास बित्त कम्पनीको साधारण शेयरमा लगानी गर्दा कुल लगानी रकमको २% वा त्यसरी शेयर लगानी गरिने पब्लिक लिमिटेड कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी लगानी गर्न सकिनेछ । |
| | (४)अन्य (माथि ३ नं. मा उल्लेखित बाहेक) पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर | (३) कुल लगानी रकमको ५% मा नबढने गरी पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्न सकिनेछ । | (३) कुनै पब्लिक लिमिटेड कम्पनीको साधारण शेयरमा लगानी गर्दा कुल लगानी रकमको २% वा त्यसरी शेयर लगानी गरिने पब्लिक लिमिटेड कम्पनीको चुक्ता पूँजीको १०% मध्ये जुन घटी हुन्छ सो भन्दा बढि नहुने गरी लगानी गर्न सकिनेछ । |

माथि जुनसुकै कुरा लेखिएको भएता पनि बीमकले लगानी गर्दा देहाय वमोजिम हुनेछ :

(१) अवधि तोकि गरेको लगानीको हकमा अवधि समाप्त भएपछि तोकिए अनुसार लगानी गरि सक्नु पर्ने छ ।
(२) श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा श्री ५ को सरकारको जमानत प्राप्त ऋणपत्र/बचतपत्र उपलब्ध नभएमा सो क्षेत्रमा गर्नुपर्ने लगानीको बाँकी अंश बाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्नुपर्नेछ र सोको जानकारी बीमा समितिलाई दिनु पर्नेछ ।
(३) प्रत्येक नयाँ लगानी वा लगानी नविकरण गर्दा तोकिएको सिमाहरु पालना भएको हुनुपर्छ ।
(४) बीमकको सर्वोपरी हित हुने गरि लगानी गरिएको हुनुपर्छ ।
(५) कुनै पनि बैंकको कल डिपोजिट वा अन्य ब्याज प्राप्त हुने खातामा रहेको रकमलाई समेत गणना गरी उक्त बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिने रकम निर्धारण गर्नु पर्नेछ ।
(६) बीमा समितिको निर्देशन अनुरुप लगानी गर्दा विवेक सम्मत ढंगले गर्नु पर्ने र सो नगरी बीमकबाट भएको लगानी सम्बन्धमा बीमकको तत्कालिन संचालकहरु जिम्मेवार हुनेछन् ।